# कर्णाली प्रदेशमा चुनौती बनेको बहुपति प्रथाः प्रदेश सभाको भूमिका



मा. पुष्पा घर्ती (बिष्ट) *

भौगोलिक विविधतायुक्त हाम्रो मुलुक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिकले भरिपुर्ण छ तथापि एक जाती माथिल्लो खस आर्य जाती, एक भाषा खस भाषा, एक धर्म हिन्दु धर्मको विस्तार र विकासको चपेटामा पर्दा पनि अन्य जातजातीको सहनसिलता, धैर्यताका बाबजुद सम्मान र सहयोगको भावनाका कारण नेपाली समाज अनेकतामा एकता भएको समाजका रूपमा परिचित छ ।

आजका विश्वमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार सन्धि तथा महासन्धि, नेपालको संविधान २०७२ र यसमा उल्लेखित मौलिक हकले समग्र मानव विकासमा बाधा पुऱ्याउने समाजका विद्यमान कुरिती, कुप्रथाको बिरोध गर्छन् । संविधानको प्रस्थापनामा रहेका लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक विकास समावेशीकरणको सफल कार्यान्वयन र यस संविधानले परिकल्पना गरेको विविधतायुक्त समाजमा समान ढंगले संविधान कार्यान्वयनमा केहि समस्या देखिएका छन् ।

हाल नेपालमा १२५ जातजाती र १२९ भाषा रहेका छन् र सोहिअनुसार संस्कृति र प्रथामा पनि विविधता छ । जसको परिणाम हरेक क्षेत्र, समुदायमा प्रथा परम्परा सम्बन्धमा चुनौति थपिएका छन्। कतिपय सकारात्मक उद्देश्यका साथ बनेका संस्कृति देशको पहिचानको रूपमा संरक्षण र विकास गर्नुपर्ने छन् भने कतिपय संस्कृतिहरू त्यो परिस्थितिमा आवश्यकता र सुहाउँदा भए पनि आजको समाजको भौतिक शैक्षिक, आर्थिक विकासमा अव्यवहारिक बन्दै समग्र विकासको बाधक बनेका छन्।

स्वभाविक रूपले पहिलो पटक देश संघीयतामा गएको छ । देशको पुनर्संरचनाअनुसार प्रतिनिधि सभा प्रदेश सभा र स्थानीय तहमा गाउँ सभा र नगर सभा गठन भएका छन् । प्रदेशसभा गठन भए लगत्तै त्यस सभाका हामी सदस्यहरू कानून बनाउने जिम्मेवारीमा छौं । हाम्रो आफनै प्रदेशभित्रको सामाजिक विविधताहरू के कहा छन् र कति समस्याहरू छन् यस विषयलाई गम्भीर भएर केलाउनु पर्ने हुन्छ । यदि हामी आफैले बनाएको कानूनले आफनै प्रदेशका नागरिकको सामाजिक समस्यालाई

* उपसभामुख, प्रदेश सभा, कर्णाली प्रदेश

चिन्न र बुझ्न नसक्ने हो भने त्यस्तो कानूनले न समस्याको सम्बोधन गर्न सक्छ न समाधान नै दिन सक्छ । यस सन्दर्भमा कर्णाली प्रदेशको उच्च हिमाली भेगको हुम्लामा रहेका भोटे लामा समुदायमा रहेको साँस्कृतिक प्रथा र परम्पराले चौतर्फि विकासमा पारेको सकारात्मक र नकारात्मक असरका बारेमा औपचारिक अनौपचारिक रूपले नजिकबाट बुझ्ने कोशिस गरिएको छ ।

भोटे लामा जातीको इतिहास केलाउदा तिब्बतबाट प्रवेश गरेका उच्च हिमाली स्थानबाट तल र न्यानो स्थानबाट माथि सयौ हजार वर्षसम्मको वमतावरणीय प्रभावका कारण तिब्बेतियनभन्दा केहि फरक अवस्थामा रहेको बुझिन्छ । कुनै जातजाती भाषा धर्म संस्कृति समुदायको विकास अगाडि हुनु र पछाडी पर्नुका कारणहरू हुन्छन् । कर्णाली प्रदेशको हिमाली जिल्ला हुम्ला, मुगु, डोल्पामा बसोबास गर्ने लामा समुदाय राज्यको हरेक क्षेत्र निकायमा सहभागिताको पहुँचबाट टाढा रहँदै आएको र राज्यबाट हेपिएका कारण पनि छन् भलै यसको व्याख्यातिर नलागौं ।

आदिम साम्यवादी युगको एक अवशेषको रूपमा मातृसत्ताको व्यवहारिक रूप बहुपति प्रथा अहिले पनि कायम छ । वंश परम्परा केहि समय अघिसम्म महिलाबाट चल्ने, महिलाहरू शक्तिशाली हुने पुरुषलाई कज्याएर खाने तत्काल रूप मातृसत्ता नै नदेखिए पनि पुरुषले महिलालाई गर्ने हिंसा कम छ र महिलाले महिलालाई गर्ने हिंसाको घनत्व बढि छ ।

**<u>भोटे-लामा समुदायको सामाजिक पक्षः</u>**

कानुनी मान्यता प्राप्त बहुपति प्रथा पाँच पाण्डव (पाँच भाईको एक श्रीमति) का लागि बहुपति प्रथा छुट छ तर बहुपत्नी प्रथाको छुट छैन । सामाजिक नियमअनुसार कुनै भाईले एक श्रीमति वा एक नारीसँग बिहे गरेपछि सोहि नारीलाई सबै भाईहरूले आफनो श्रीमति स्वीकार्नु पर्ने बाध्यता छ । यसमा बाबा आमा तथा आफन्तको ठुलो सहयोग हुन्छ । एक श्रीमतिले कुनै एक भाई मन नपरे पनि श्रीमतिलाई सबैले सम्झाएर राखिन्छ । चली आएको परम्पराको संरक्षण गर्ने पुर्खाको इज्जत राख्ने भन्दै अझै पनि यो परम्परालाई निरन्तरता दिइन्छ । घरमा एक श्रीमति हुँदाहुँदै अर्कैसँग उठबस गर्ने वा प्रेम विवाह गर्नेलाई घरभडुवा परिवारको इज्जत फाल्ने भन्दै त्यसलाई घरपरिवार र समाजबाट एक्लो पार्ने घृणा गर्ने गरिन्छ । त्यसरी साझा श्रीमति छाडेर मनोमानी ढंगले अर्को विवाह गर्नेहरू गाउँ छोडेर शहरतिर हराउन बाध्य हुन्छन् ।

यहि प्रथासँग जोडिएको अर्को टिमा प्रथाको समस्या हुम्ला लिमिमा छ । यो एक प्रकारको बहुपत्नि प्रथा हो । बहुपति प्रथामा बसेका पुरुषहरूले गाउँका अन्य समुदायका गरिब परिवारका छोरी चेलीहरुसँग अवैध प्रेम सम्बन्ध राखेर बच्चा जन्माउने गर्छन् तर ती पुरुषहरूले न ती बच्चा जन्माउने महिलाको पतिको रूपमा आफूलाई चिनाउँछन् न त उनीहरूबाट जन्मेका सन्तानलाई पालन पोषण र सम्पत्ति, जन्म दर्ताको पहिचान दिन्छन् । त्यसरी अवैध रूपमा बच्चा जन्माउने । महिलाहरूको न

समाजमा कुनै विवाह हुन्छ न तिनको कतैबाट खुल्ने नागरिकता बन्छ । नागरिकताबिहिन महिलाहरूले अंश सम्पत्ति पनि पाउदैनन् र उनीहरूबाट जन्मेका सन्तानले पनि बिना बाबु र पहिचान बिहिन वेशाहारा भई शिक्षा, स्वास्थ्यको अधिकारबाट वञ्चित भई चीन र भारततिर बेपत्ता पारिन्छन् ।

**भोटे-लामा समुदायको आर्थिक र राजनैतिक पक्ष**

बहुपति प्रथा मानेर बस्ने सबै भाईहरूले पुर्खा देखि केन्द्रित सम्पत्ति कमाएर खान पाउछन् यसलाई दोंग खाने भनिन्छ । बहुपति प्रथा मानेर दोंग खानु परम्पराको निरन्तरता दिएर घर गरी खानु हो । समाजका आफन्त बुढापाकाहरू दोंग खानुलाई इज्जत र परम्परा धानेको ठान्छन् । त्यसैले पनि समाजको खुसी र परिवारको खुसीको लागि पनि छोराहरूले सित्तैमा मनोमानी प्रेम विवाह गरेर गएमा बहुपति प्रथाको केन्द्रिकृत अंश बण्डा गर्ने र लिन नपाइने डरले पनि बहुपति प्रथा मानेर दोंग खाने गर्छन् । यदि यो प्रथा नमानी मनोमानी अर्को विवाह गरेमा सम्पुर्ण सम्पत्ति दोगंबाट उसलाई मात्र अधिकार बिहिन हैन उसको साझा श्रीमतिबाट जन्मेको सन्तानले समेत दोगंको कुनै भोगचलन गर्न पाउँदैन र अपहेलित सुकुम्बासी भएर बस्न बाध्य हुन्छन् ।

बहुपति प्रथामा एक साझा श्रीमतिसँग सबै भाईले एक श्रीमति एक घरमा आ-आफ्ना आवश्यकता समयअनुसार समाधान गर्दै जाने क्रममा परापूर्व कालदेखि एक घरमा थुप्रिदै आएको सम्पत्ति दोंगले गर्दा हाम्रो संविधानमा व्यवस्था भएको कानुनी प्रावधानअनुसार यस्ता परिवारको सम्पत्ति हदबन्दी भन्दा बढी देखिने कतिपय भोटे लामा समुदमयको परिवारमा पनि सरकारले अंश बण्डा बेचबिखन गर्न चाहँदा पनि रोक्का गरेको बुझिन आएको छ ।

कानून त प्रेम विवाह गरी भागेर जानेले अंशबण्डाको मुद्दा गरेर अंश लिन नचाहेमा लिन नपाउने बाध्यात्मक अवस्था सिर्जना भएको छ । जसको कारण सरकार र संविधानप्रति युवा तथा नागरिकहरू आक्रोशित बन्न पुगेको छ ।

हिमाल पहाड तराई तिनै क्षेत्रमा संविधानत: सरकारले जग्गाको हदबन्दी तोकेको छ तर नेपालको कर्णाली प्रदेशको हिमाली जिल्ला भोटे लामा समुदायमा रहेको बहुपति प्रथाका आर्थिक सामाजिक साँस्कृतिक समस्याहरू अन्य समस्याभन्दा फरक छन् । नेपाली नागरिकमा समान ढंगले कार्यान्वयनमा लैजानु पर्ने हाम्रो संविधान आफ्नै नेपाली नागरिकका समस्यासँग बाझिन पुगेको छ यी समस्यालाई ध्यान दिएर कर्णाली प्रदेश सभा र सरकारले कानूनको रूपमा निर्माण गरिने विधेयक निर्माणमा सोच्न र समेट्नका लागि निम्न कुराहरूमा छलफल गर्न आवश्यक छ ।

- प्रदेश सभामा बहुपति प्रथाको आधार कारण, प्रभाव, संरक्षण वा निराकरण बारेमा बहस छलफल गर्नुपर्ने,
- प्रदेश सरकारबाट कानुनी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने,

- बहुपति प्रथाको विद्रोह गरी प्रेम विवाह गरी जाने व्यक्तित्वहरूका लागि उनीहरूको पुख्यौंली सम्पत्ति (दोंग) प्राप्त गर्ने हक अधिकारको सुनिश्चितता हुने गरी प्रदेश सभाले कानून बनाउने र प्रदेश सरकारमार्फत् कार्यान्वयन गर्नुपर्ने,
- प्रदेश सभाले जमिनको अंश बण्डा र बेचबिखनका लागि हदबन्दीको कानून निर्माण गरी रोक्का जग्गा फुकुवा गरिदिनुपर्ने वा तोकिएको अवधिभित्र अंशबण्डा गर्ने व्यवस्था गर्नुपर्ने,
- टिमा प्रथाबाट पीडित महिला तथा बालबालिकाहरूको नाताकायम तथा नागरिकता र सम्पत्तिको हक कायम गराउनु पर्ने र उनीहरूको लागि आर्थिक उपार्जन, शिक्षा र सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

अन्यथा बहुपति प्रथाको समस्यालाई जस्ताको त्यस्तै रहन दिने हो या त जातिगत पहिचानका रूपमा संरक्षण र विकास गर्ने हो र त्यो समुदायलाई गर्वका साथ पहिचान खुलेर देखाउन सक्ने वातावरण निर्माण गर्ने न कि बाहिर-बाहिर बहुपति प्रथा छैन भन्ने र भित्र मात्र बाध्य हुने अवस्थाको अन्त्य कसरी गर्ने, यो समस्या कर्णाली प्रदेश सरकार र प्रदेश सभाको चुनौति बन्न पुगेको छ ।